बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ तथा ताजा मासु तथा माछा चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३


# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY


ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, शिप र क्षमताको उपयोग गरौं
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१३ ।। अङ्क : ३०६ ॥ २०७८ माघ ०८ गते शनिबार (22nd Jan 2022 Saturday) **Pratidin** National Daily dNo-?÷%÷-

## विश्व हिन्दु महासंघको भवनमा माईक बजाउन रोक



***बिर्तामोड (प्रस) ।*** बिर्तामोड ३ विराटपोखरीस्थित विश्व हिन्दु महासंघ भवनको शिव पंचमुखी मन्दिरमा विगत लामो समयदेखि माईक बजाएर हुँदै आएको नित्य पूजा र भजन किर्तनमा माईक बजाउन रोक लगाईएको छ। त्यसैकारणले गर्दा त्यहाँ हुने नित्य पूजा र भजन किर्तनमा एक सातादेखि माईक बजाउन छोडिएको हो । विश्व हिन्दु महासंघ जिल्ला कार्य समिति सदस्य पुण्य प्रसाईका अनुसार गत हप्ता प्रहरी आएर 'तपाईहरुको माईकको बारेमा उजुरी परेको छ तपाईहरुले मिलाएर मात्र माईक बजाउनू' भनेर मन्दिरका पुजारी याम खतिवडालाई मौखिक जानकारी गराएको उनले बताए । उजुरीकर्ताका बारेमा आफूहरुलाई थाहा नभएको र यसै बिषयमा बिर्तामोड नगरपालिकाका मेयर ध्रुबकुमार शिवाकोटीलाई विश्व हिन्दु महासंघका जिल्ला अध्यक्ष मोहन उप्रेतीलगायतले भेट गरेको उनले जानकारी दिए । त्यस मन्दिरमा विगतदेखि नै प्रत्येक सोमबार साँझ नजिकैका पाँचवटा किर्तन मण्डलीले भजन किर्तन गर्दै आएका थिए ।

विश्व हिन्दु महासंघ जिल्ला अध्यक्ष उप्रेतीले आफूहरुलाई थाहै नदिई कसैले उजुरी गरेको बताए । 'हामीलाई थाहै छैन पुजारी याम खतिवडामार्फत जानकारी पाएका हौं ' उनले भने । कसैलाई दैनिक क्रियाकलापमा आघात पुग्नेगरी आफूहरुले माईक नबजाएको उनको दावी छ । बिहान -साँझ ५.३० देखि ६.३० बजेसम्म नित्य पूजा साथै सोमबार साँझ भजन किर्तन गर्दा करिब २ घण्टा र अन्य धार्मिक पर्वका दिनमा एकाध घण्टा माईक बजाउने गरेको उनले बताए । कसैलाई आघात नपुग्ने हिसाबले सर्वकल्याण हेतुले मन्दिरमा विगत ३ वर्षदेखि माईक बजेको उप्रेतीको भनाई थियो ।

# ओमिक्रोनले झापामा तेस्रो संक्रमितको मृत्यु



***बिर्तामोड (प्रस) ।*** कोरोना संक्रमणको तेस्रो लहर शुरुवात भएयता झापामा ओमिक्रोन भाइरसले तेस्रो संक्रमितको मृत्यु भएको छ । पछिल्लो पटक शुक्रबार दमकका एक संक्रमितको मृत्यु भएको हो । दमक ४ का ८१ वर्षिय बृद्धको उपचारका क्रममा शुक्रबार बिहान ११ बजे बिर्तासिटी हस्पिटल बिर्तामोडमा मृत्यु भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । उनलाई पुष २८ गते नोबेल हस्पिटल विराटनगरमा एन्टीजेन विधिबाट संक्रमण पुष्टि भएको थियो । यसअघि गत आइतबार झापामा ओमिक्रोन भाइरसबाट दोस्रो संक्रमितको मृत्यु भएको थियो । कनकाई ७ की लिम्बू समुदायकी ७५ वर्षिया बृद्धाको ओमिक्रोनबाट मृत्यु भएको थियो भने त्यसअघि गत पुष २८ गते झापामा एक पुरुष संक्रमितको मृत्यु भएको थियो । योसंगै झापामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ६५९ पुगेको छ । तीब्ररुपमा कोरोना संक्रमण फैलिदै गएको झापामा शुक्रबार एकैदिन १८५ जना संक्रमित भएका छन् । मेची र कोटीहोम ल्याबमा १८५ जनालाई परीक्षण गर्दा १३५ जनालाई संक्रमण पुष्टि भएको हो । त्यस्तै बाहिरको ल्याबबाट एकजना र एन्टिजेन विधिबाट ५० जनालाई संक्रमण पुष्टि भएको छ ।

झापामा अहिले ५३७ महिला र ६०९ पुरुष गरी ११४६ जना सक्रिय संक्रमित छन् । त्यसमध्ये १५ जना अस्पतालमा भर्नारत छन् भने अन्य होम आइसोलेसनमा रहेको स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईले जानकारी दिएका छन् ।

## कोरोनाका कारण कनकाई नगरपालिकाको सेवा बन्द



***सुरुङ्गा (प्रस) ।*** कनकाई नगरपालिकाले माघ १४ गते शुक्रवारसम्मका लागि सेवा बन्द गरेको छ । कार्यालयका कर्मचारी र जनप्रतिनिधिहरुलाई कोरोना संक्रमण भएपछि अत्यावश्यक सेवाबाहेकका सबै काम एक साताका लागि पूर्णरुपमा बन्द गरिएको शाखा अधिकृत हरिप्रसाद मिश्रले जानकारी दिए ।

कनकाई नगरपालिकाले सूचना जारी गर्दै कोभिड महामारीले नगरभित्र समस्या उत्पन्न गरेको जनाएको छ । सूचना अनुसार कर्मचारी र जनप्रतिनिधि समेतलाई कोभिड भएका कारण नगरस्तरीय कोरोना संक्रमण नियन्त्रण तथा व्यवस्थापन समितिको शुक्रबार सम्पन्न बैठकले नगरपालिकाको सेवा बन्द गर्ने निर्णय गरेको थियो ।

कनकाई नगरपालिकाका ८ जना कर्मचारीलाई कोरोना संक्रमण भएको छ । त्यस्तै नगर प्रमुख राजेन्द्र पोखरेल , ८ नं वडाध्यक्ष प्रेमकुमार कट्वालसहित तीनजना जनप्रतिनिधि संक्रमित भएको फोकल पर्सन नारायण अधिकारीले बताए । कोरोनाको तेस्रो लहर शुरु भएयता कनकाई नगरपालिकामा ६० भन्दा बढी संक्रमित भएको उनले जानकारी दिए । त्यसमध्ये ५० बढी सक्रिय संक्रमित रहेका छन् ।

## सहमतिबाट संसद् खुलाइनेछ : प्रधानमन्त्री देउवा

***झापा (प्रस) ।*** प्रधानमन्त्री शेरबहादुर देउवाले संवाद र सहमतिको माध्यमबाट संसद् सुचारु गर्ने बताएका छन् । उनले संसद् सुचारु भएपछि सबै दलहरूसँग छलफलको माध्यमबाट सहमति जुटाएर नै विचाराधीन विषयहरूलाई निष्कर्षमा पुर्‍याउने बताए ।

शुक्रबार देशबासीको नाममा सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले सरकारमाथि एक वर्षभित्र तीन तहको निर्वाचन गर्नुपर्ने दायित्व रहेको बताउँदै निर्वाचनको पूर्वतयारीका आवश्यक कामहरू सम्पन्न गर्न सबैलाई आग्रहसमेत गरेका छन् ।

प्रधानमन्त्री देउवाले संविधानको कार्यान्वयन, कानुनी राज्य, सुशासनको प्रत्याभूति, शान्ति प्रक्रियालाई पूर्णता दिने तथा विभिन्न पक्षसँगको सहमतिको कार्यान्वयन गर्ने, राजनीतिक दलहरूको सहमतिमा नागरिकताको समस्या समाधान गर्ने, संघीयता कार्यान्वयन गर्ने एवम् प्रदेश र स्थानीय सरकारलाई सबलीकरण गर्ने कार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए । उनले चालु आर्थिक वर्षमा मुलुकको आर्थिक वृद्धिदर वृद्धि हुने बताए । प्रधानमन्त्री देउवाले विद्युत् उत्पादनमा भएको वृद्धि, आर्थिक एवम् सामाजिक क्रियाकलापमा भएको सुधार, निर्यातमा भएको बढोत्तरी, उच्च कर्जा प्रवाह र आयातमा भएको बढोत्तरीले आर्थिक वृद्धिदर गत वर्षको भन्दा वृद्धि हुने अनुमान रहेको बताए । उनले यसअवधिमा मुद्रास्फीति करिब ७.९९ प्रतिशतले बढेको बताए । प्रधानमन्त्री देउवाले बजेट कार्यान्वयनका सन्दर्भमा संयुक्त सरकारले प्राथमिकतामा राखेर ल्याएको साझा न्यूनतम कार्यक्रमको आधारमा बजेटलाई पुनरावलोकन गरी स्वीकृति तथा कार्यान्वयनमा ल्याइएको बताए । उनका अनुसार चालु आर्थिक वर्षमा ११ खर्ब ८० अर्ब राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा पुष मसान्तसम्म ५ खर्ब

## ब्राउनसुगरसहित बिर्तामोडबाट तीन पक्राउ



***बिर्तामोड (प्रस) ।*** प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित बिर्तामोडबाट एक युवती र दुई युवक पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा अर्जुनधारा १० बस्ने २३ वर्षिय सुदिप ठकुरी, सोही ठाउँकी २३ वर्षिया उषा राई र बुद्धशान्ति ४ बस्ने २७ वर्षिय पूर्णलाल लिम्बु रहेका छन् । बिहीबार राति ८.१० बजे

बिर्तामोड ४ सगरमाथा टोलमा ईलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा उनीहरूलाई चेकजाँच गर्ने क्रममा ५ ग्राम ब्राउनसुगर बरामद गरेको थियो । उनीहरूलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कानुनी कार्बाहीको लागि ईप्रका बिर्तामोडमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । ब्राउनसुगरसहित युवती पक्राउ

त्यस्तै सदरमुकाम फिदिमबाट लागूऔषध ब्राउनसुगरसहित एक युवती पक्राउ परेकी छिन् ।

पक्राउ पर्नेमा फिदिम बजारमा होटल सञ्चालन गर्दै आएकी २९ वर्षीया युवती रहेको प्रहरीले जनाएको छ । बिशेष सूचनाको आधारमा उनलाई ८ ग्राम ब्राउनसुगरसहित बिहीबार बेलुकी पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी प्रहरी निरीक्षक डम्बर बिश्वकर्माका अनुसार घटनाको बिषयमा थप अनुसन्धान भइरहेको छ ।



# सरकारलाई झापाका स्वास्थ्यकर्मीहरुको १४ बुँदे माग



***भद्रपुर (प्रस) ।*** झापाका स्वास्थ्यकर्मीहरुले कोभिड-१९ को विषयमा विभिन्न १४ बुँदे माग राख्दै सरकारलाई ज्ञापनपत्र पठाएका छन् ।

राष्ट्रिय स्वास्थ्यकर्मी संघमा आबद्ध स्वास्थ्यकर्मीहरुले कोभिड-१९ को आमिक्रोन भेरियन्ट समुदायस्तरमै तीव्र रुपमा फैलिइरहेको भन्दै अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्न र नियमित तथा महामारीसम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्न सक्रियताका साथ सरकारी संयन्त्र परिचालन हुनुपर्ने माग गरेका छन् ।

राष्ट्रिय स्वास्थ्यकर्मी संघ नेपाल, जिल्ला कार्यसमिति झापाका अध्यक्ष भरत खतिवडाको नेतृत्वमा शुक्रबार जिल्ला प्रशासन कार्यालय झापा पुगेको स्वास्थ्यकर्मीहरुको टोलीले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका हुन् ।

स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई बुझाइएको ज्ञापनपत्रमा सरकारी, निजी, सामुदायिक र अध्ययन संस्थानहरुमा कार्यरत सबै स्वास्थ्यकर्मी र कर्मचारीलाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुपर्ने, सो सुविधा उपलब्ध नगराउने संस्थाहरुलाई कारवाहीको दायरामा ल्याउनुपर्ने, अस्पताल र स्वास्थ्य संस्थामा काम गरिरहँदा संक्रमित भएका सबै स्वास्थ्यकर्मीहरुका लागि सुविधायुक्त आइसोलेसनको व्यवस्था गर्नुपर्ने, संक्रमित स्वास्थ्यकर्मीहरुको निःशुल्क उपचार गर्नुपर्ने, स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको यथाशीघ्र बीमाको व्यवस्था गरिनुपर्ने उल्लेख छ ।

संघका केन्द्रीय सदस्यहरु डम्मरबल्लभ मिश्र, रामचन्द्र मिश्र, इन्द्रहरि भट्टराईसमेतको उपस्थितिमा बुझाइएको ज्ञापनपत्रमा सरकारले कोभिड १९ महामारीमा खटिने स्वास्थ्यकर्मीलाई उपलब्ध गराउने भनेको जोखिम भत्ता हालसम्म पनि पूरा उपलब्ध नगराएकोले तुरुन्त उपलब्ध गराउनुपर्ने, स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा र खोप सेवा प्रदान गर्न खटिने स्वास्थ्यकर्मीलाई पर्याप्त स्वास्थ्य सुरक्षा सामग्री र निःशुल्क पीसीआर परीक्षणको व्यवस्था गरिनुपर्ने, हाल खोप केन्द्रहरुमा देखिने भीड नियन्त्रणका लागि पर्याप्त मात्रामा स्वयम्सेवक र सुरक्षाकर्मी परिचालन गरिनुपर्ने, खोप वा स्वास्थ्य सेवा प्रदान गर्दा हुने भीडभाड, तोडफोड र हातपात गर्न खोज्नेलाई तुरुन्तै कारवाहीसँगै पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिनुपर्ने, यथाशक्य चाँडो सबै नागरिकलाई कोभिडविरुद्ध पूर्णमात्रा खोपको व्यवस्था गरिनुपर्ने, करारमा नियुक्त भई निरन्तर काम गरिरहेका स्वास्थ्यकर्मीहरुको म्याद थप गरिनुपर्ने, कडाइका साथ जनस्वास्थ्यको मापदण्ड पालना गराउन कडाइ गरिनुपर्ने, खोप सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनुपर्ने, अस्पताल, सिमानाका हेल्थ डेस्क र स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य सेवा सुचारु गर्न थप जनशक्ति व्यवस्था गरिनुपर्ने र संघ तथा प्रदेशबाट हुने कर्मचारी समायोजन, सरुवा-बढुवा, स्तरबृद्धिलगायतका नियमित कामहरु पारदर्शी ढंगले सञ्चालन गर्न माग गरिएको संघका सचिव महेश नेपालले जानकारी दिए ।

स्वास्थ्यकर्मीहरुको मागप्रति नेपाल निजामती कर्मचारी संगठन झापाले ऐक्यबद्धता जनाएको छ भने निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन (सीबीए) झापाका अध्यक्ष लक्ष्मीप्रसाद गुरागाईंले स्वास्थ्यकर्मीहरुले उठाएका माग जायज रहेकोले सरकारले तत्काल ती माग पूरा गर्नुपर्ने बताए ।

प्रमुख जिल्ला अधिकारी रिजालले ज्ञापनपत्र तत्कालै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने प्रतिबद्धता जनाएको सचिव नेपालले बताए ।

## तेस्रो भेरियन्टबाट झापाका ११ जना पत्रकार संक्रमित

***बिर्तामोड (प्रस) ।*** कोरोनाको तेस्रो भेरियन्ट शुरु भएयता झापाका ११ जना पत्रकार संक्रमित भएका छन् । शुक्रबारसम्म जिल्लाका विभिन्न सञ्चारमाध्यममा कार्यरत ११ जना पत्रकार संक्रमित भएको नेपाल पत्रकार महासंघ झापा शाखाले जनाएको छ ।

शाखाका अध्यक्ष एकराज गिरीका अनुसार महासंघ झापा शाखाका सचिव डिकेश लामा, राष्ट्रिय समाचार समिति मेचीकी प्रमुख अम्बिका भण्डारी, गोपाल गिरी ,साबित्रा दाहाल, सुब्रत न्यौपाने, सुनिरा मैनाली ,कृष्ण कार्की, गिरिराज भट्टराई ,इन्द्र न्यौपाने र राजु अधिकारी संक्रमित भएका हुन । पत्रकार गिरी भने शुक्रबार मात्रै संक्रमण मुक्त भएका छन ।

यसअघि पहिलो र दोस्रो भेरियन्टयता जिल्लाका ५१ जना पत्रकार संक्रमित भएको महासंघले जनाएको छ । संक्रमितमध्ये बिर्तामोड निवासी पत्रकार कमल मिश्रको काठमाडौमा र कमल गाउँपालिका ५ निवासी गणेशप्रसाद शिवाकोटीको दमकमा उपचारका क्रममा निधन भएको छ ।

यसैबीच ,महासंघले संक्रमित पत्रकारहरुको स्वास्थ्य अवस्था बुझ्दै पोषणसहित स्वास्थ्य सुरक्षाका सामग्रीहरु घरघर पुगेर वितरण गरेको छ ।

जिल्लाको माइपश्चिम क्षेत्रका संक्रमित तीन जना पत्रकारको घरमै पुगेर महासंघका १ नम्बर प्रदेश समितिका सदस्य बिष्णु सुब्बा, महासंघ झापा शाखाका सदस्य चिरञ्जीवि घिमिरे सम्मलित टोलीले ती सामग्रीहरु हस्तान्तरण गरे । हस्तान्तरण गरिएको सामग्रीमा मास्क,सेनिटाइजर,पन्जा तथा अन्य पोषण रहेका छन् ।

## मूल्यवृद्धिको बिरोधमा अनेरास्ववियुको जुलुस



***बिर्तामोड (प्रस) ।*** विद्यार्थी संगठन अनेरास्ववियु झापाले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको बिरोध जनाएको छ । जिल्ला कमिटी झापाको आयोजनामा जिल्लाका विद्यार्थी नेताले सांकेतिक रुपमा जुलुस र खबरदारी गरेका हुन् । उनीहरुले परमादेशी सरकारले अस्वाभाविक रुपमा निरन्तर मूल्यवृद्धि गरेको भन्दै यसबाट आम नागरिकलाई दैनिक जीवनमा समस्या परेकाले बिरोध जनाएको बताएका छन् । बिर्तामोडको मुक्ति चौकमा आयोजित कोणसभालाई संबोधन गर्दै संगठनका अध्यक्ष रोशन लामाले नेतामुखी सत्ता र संविधानविपरित सरकार भएकाले जनताले दुःख पाएको र बढेको मूल्य फिर्ता नभए आन्दोलनको नेतृत्व झापाबाट हुने चेतावनी दिए। यस्तै एमाले जिल्ला कमिटी सदस्य टिका मंग्रान्तिले जनताको ढाड सेक्ने र ओली सरकारले ब्यबस्थापन गरेको खोप समेत लुकाएर सरकारले बितण्डा मच्चाएको आरोप लगाए ।

## प्रदेश सांसद दर्लामीलाई पितृशोक



***झापा (प्रस) ।*** झापा क्षेत्र नम्बर ४ (क) का प्रदेश सांसद तथा नेकपा माओवादी केन्द्रका नेता झलकसिंह दर्लामी (सन्देश)लाई पितृशोक परेको छ । नेकपा माओवादी केन्द्रका झापा जिल्ला सह-इन्चार्ज समेत रहेका नेता सन्देशका पिता नरबहादुर दर्लामी मगरको ८५ वर्षको उमेरमा बिहीबार साँझ साढे ६ बजे निधन भएको पार्टीका शिवसताक्षी नगर सचिवालय सदस्य तथा दर्लामीका पिएसमेत रहेका दुर्गा नेम्बाङले जानकारी दिए । करिब ६ महिना अघिदेखि ब्रेन ट्यूमर रोगबाट पीडित नरबहादुरको आफ्नै निवास शिवसताक्षी नगरपालिका- ११ स्थित बच्चाबगरमा निधन भएको हो । आफ्नै घर छेउमा शुक्रबार बिहान ११ बजे परम्परागत संस्कार अनुसार अन्त्येष्टि गरिएको पारिवारिक स्रोतले जनाएको छ ।


**मोटरसाइकल हरायो**

मेरो नामको मे ९ प १४१९ को १५० सिसिको निलो कलरको पल्सर बाईक २०७८/०९/२९ गते बिर्तामोड मुक्तिचोकदेखी १ कि.मि. दक्षिणबाट बेलुकी ५:३० बजे हराएको हुँदा भेट्नु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको नम्बरमा सम्पर्क गर्नुहोला।

सम्पर्कः भुपेन्द्र राज बस्नेत
अर्जुनधारा ९, लक्ष्मीपुर
मो:९८१५९२२१९४



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



**ठाकुर पोलिक्लिनिक**

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा
+977-23-590008 9817964771

डा. पिताम्बर ठाकुर
MBBS.MD (TU) NMC 1914
Cheif Consultant Physician
Ex Superintendent Mechi Zonal Hospital
समयः दैनिक बिहान ११-२ बजे सम्म, दिउँसो ४ बजे पछि

डा. शम्भु नवल
MBBS.MS. (TU/IOM)
Gold Medalist NMC 6724
Consultant General Leproscopic & Uro- Surgeon
समयः दैनिक बिहान ७-९ बजे सम्म

डा. अरूण फुयाल
MBBS.MD (KUSMS) NMC 18337
Radiologist & Imaging
समयः दैनिक बिहान ७-९ बजे सम्म, साँझ ५ बजे पछि

डा. लोभराज लोहनी
Fellowship Of Rheumatologist (AIIMS, New Delhi) NMC 11300
MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
समयः प्रत्येक दिन बिहान ७-९ बजे सम्म, साँझ ५-६ बजे

डा. केशव ढकाल
MBBS.MD. (BPKIHS)
Dermatologist NMC 2910
वरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ
समयः प्रत्येक दिन २ बजे पछि

डा. विवेक रौनियार
MBBS.MD (Neuro Physician) NMC
वरिष्ठ ढाड, टाउको तथा नशारोग विशेषज्ञ
समयः प्रत्येक शनिवार मध्यान्न १२ बजे पछि

डा. केशव मण्डल
MBBS. (BPKIHS) MD (TU) NMC 13303
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक बिहान ८-१० बजे र साँझ ५ बजे पछि

डा. शशांकराज पोखरेल
MBBS. MD (Psychiatry) BPKIHS, DHARAN
वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
समयः दैनिक साँझ ५ बजे पछि

डा. धिरज गिरी
MBBS. MD (ENT)
वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ
समयः दैनिक सेवा

यहाँ भिडियो एक्सरे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी, ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको साथै अनुभवी डाक्टरहरुद्वारा उपचार सेवा उपलब्ध छ ।


## मुसहर बस्तीका १५ परिवारलाई ब्लाङ्केट वितरण



***बिर्तामोड (प्रस) ।*** आदर्श स्कुल अफ म्यानेजमेन्ट बिर्तामोडले कन्काई ४ स्थित मुसहर बस्तीका १५ परिवारलाई जाडोबाट बच्न ब्लाङ्केट वितरण गरेको छ । आफ्ना भुतपूर्व विधार्थी स्व. हेमकुमारी महतको एक वर्षको वार्षिक पुण्यतिथिमा विपन्न मुसहर परिवारलाई ब्लाङ्केट वितरण गरेको हो । स्वर्गीय हेमकुमारीका बुवाको बाहुलीबाट मुसहर बस्तीमा ब्लाङ्केट तथा न्यानो लुगा वितरण गरिएको थियो । कार्यक्रममा आदर्श स्कुलका शिक्षक , विधार्थी तथा सामाजिक अभियन्ताहरुको उपस्थिति रहेको थियो ।

## INVITATION FOR BIDS

**Jhapa Rural Municipality**
**Taghandubba, Jhapa**

**Date of publication: 21-01-2022(2078/10/07)**

1. Jhapa Rural Municipalityinvites electronic bids from eligible bidders for the **Road maintenance works, construction of Truss bridge,construction of Box culvert** under Sealed Quotation.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhapa Rural Municipality office, Taghandubba,Jhapaor may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bids must be valid for a period of 45 daysafter bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
4. **Information to deposit the cost of bidding document Fee and Bid Security Amount in Bank:**

Name of the Bank: NIC Asia Bank
Name of Office :Jhapa Rural Municipality Office.
Office Account (**AantarikRajaswaKhata**) no.: 2022050512514014(for Bid document fee)
Office Account (**DharautiKhata**) no: K2CA051251452407(for Bid Security amount)
Office code No:80101325

5. Pre-bid meeting shall be held at **[Jhapa Rural Municipality Office] at 1:00 P.M on 25-01-2022.**
6. Electronic bids must be submitted to PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 P.M 06-02-2022. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 P.M on 06-02-2022 at the office of **Jhapa Rural Municipality, Taghandubba Jhapa.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Details Of Contract:**

| S.N | Project Name | Contract Identification Number | Bid Security Amount Nrs. | Bid Validity Period | Bid Document Fee Nrs. | Estimated amount (inclusive P.S and exclusive 13% VAT) Nrs. |
|---|---|---|---|---|---|---|
| 1 | Laxmi marga road upgrade | SBQ/Jhapa/JRM/06/078-079 | 50,000 | 45 Days+30 days beyond | 1000.00 | 17,19,350.00 |
| 2 | Belaitibari purwa bagaan jane ra graham laal ko baadh ma falame pul wa culvert nirmaan | SBQ/Jhapa/JRM/07/078-079 | 40,000 | 45Days+30 days beyond | 1000.00 | 13,72,239.00 |
| 3 | Bacchu Tol Baansbari Hudai Kudus Gaun samma Stariya Gravel | SBQ/Jhapa/JRM/08/078-079 | 22000 | 45Days+30 days beyond | 1000.00 | 7,76,937.76 |
| 4 | Yuvraj Prasaiko Ghar cheuma Culvert Nirman Ra So Culvert Dekhi Dragon Fruit Hudai Jyotish Marga Samma Gravel | SBQ/Jhapa/JRM/09/078-079 | 25000.00 | 45Days+30 days beyond | 1000.00 | 8,65,301.36 |

**Chief Administrative Officer**


**हरि ओम UPVC उद्योग**





बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरूः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop

9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### अन्यौलमा निर्वाचन

आगामी बैशाखमा गर्ने भनिएको स्थानीय तहको निर्वाचनबारे अन्यौल छ। बैशाखमा निर्वाचन गर्ने हो भने घोषणा गरेर तयारी थाल्नुपर्ने हुन्छ।तर गठबन्धनले सरकारले कुनै तयारी गरेको छैन। सरकार के गर्ने के नगर्ने भनेर अलमलमा छ।

संविधानमा स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल सकिएको ६ महिनाभित्र अर्को निर्वाचन गर्ने भन्ने छ तर निर्वाचन ऐनमा भने कार्यकाल सकिनु २ महिनाअगावै निर्वाचन गरिसक्नु पर्ने उल्लेख छ।

राष्ट्रिय हितलाई भन्दा पनि राजनीतिक दलहरुले आफ्नो हितलाई प्राथमिकतामा राख्दा अहिले चुनावको सम्बन्धमा समस्या पार्न खोजेको देखिएको छ। संविधान वा कानुनमा भएको व्यवस्थालाई जसले पालना गर्नुपर्ने संस्था, निकाय वा व्यक्तिहरुले पालना नगरिदिएको कारणले आवधिक रुपमा हुनुपर्ने चुनाव हुन नदिने गरेको थुप्रै उदाहरणहरु छन्।

अहिले पनि ऐन कानुनले तोकेको समयमा चुनाव गर्न राजनीतिक दलहरु तयार भएको देखिदैंन। चुनावको विषयमा जुन प्रकारको सक्रिय भूमिका सत्ता पक्षबाट हुनुपर्ने हो त्यो भएको देखिदैंन। जसले गर्दा चुनाव हुन्छ कि हुँदैन भन्ने विषयमा दुविधा र अन्यौल बढेको छ र भ्रम तथा शंका उत्पन्न भएको छ। वादविवाद शुरु हुन थालेको छ। यो विषयलाई जति सक्यो छिटो अहिलेको अन्यौलपूर्ण अवस्थालाई हटाउनका लागि सरकारमा रहेका दलहरु मात्रै होइन विपक्षी दलले सक्रिय भूमिका खेल्नु पर्छ। त्यसको समन्वय निर्वाचन आयोगले गर्नुपर्छ।

शुरुमै ऐन बनाउने बेलादेखि नै हेलचेक्राई वा नजरअन्दाज भयो। ऐन बनाउदा संविधानलाई हेरेर बनाइन्छ। ऐनको मस्यौदा निर्वाचन आयोगले गरेको हो।

अहिलेको विवादको जड भनेको कानुनअनुसार निर्वाचनको मिति घोषणा नभएको कारण हो। चुनावको मिति घोषणा गर्ने विषयले जहिले पनि समस्या उत्पन्न गरेको छ। यसको विकल्प भनेको सरकारको परामर्शमा निर्वाचन आयोगले चुनावको मिति तोक्ने अधिकार दिनुपर्छ वा संविधानमै यस चुनावको बारेमा स्पष्टसँग लेख्नुपर्छ। सत्तासीन गठबन्धनले विपक्षीसंग परामर्श गरेर निर्वाचनको मिति घोषणा गरोस्।

Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पुस्तकविहीन पुस्तकालय र विचारहीन राजनीति



•राकेशप्रसाद चौधरी

राणा शासनको बेला महोत्तरी सर्लाही गोश्वारा, बडाहाकिम बस्ने तथा पञ्चायत कालमा जनकपुर अञ्चलका अञ्चलाधीशले शासन गर्ने थलो हो जलेश्वर। तर जलेश्वरको पुराना पुस्तकालय पुस्तकविहीन छ भने यस क्षेत्रको समाज, राजनीति विचारहीन अवस्थामा छ।जलेश्वरको महिमा मण्डन कर्णाट, सेन, तिरहुत हुँदै शाह शासन कालसम्म हुँदै आएको थियो। राणाकालीन समयमा लुकेर पुस्तक पढ्नुपर्ने बाध्यता भएर होला, २००४ सालमा जलेश्वरमा राजराजेश्वरी अध्ययन मण्डल नाममा एउटा पुस्तकालय खोलियो। केही अगुवा ब्यक्तिले पुस्तकमा आधारित सामाजिक एवं राजनीतिक बहसका लागि यो समूहलाई परिचालन गरिरहेका थिए। त्यहाँको ठूलो कोठा पुस्तकले भरिभराउ थियो। तर २००४ सालमा पुस्तकालय खोलिए पनि २००७ सालपछि मात्र सर्वसाधारणले पुस्तकालयको दैलो कुल्चिएका थिए।महोत्तरी र सर्लाहीमा शासन सञ्चालन गर्न राणाहरुले जलेश्वरमा महोत्तरी सर्लाही गोश्वारा राखेकाले यहाँ प्रशासनिक र सुरक्षा निकायको बाक्लो उपस्थिति हुन्थ्यो। वैचारिक बहस हुने थलो पनि भएको जलेश्वरको यो पुस्तकालको चर्चा काठमाडौंसम्म हुन्थ्यो। २००७ सालपछि राजराजेश्वरी अध्ययन मण्डलको नाम परिवर्तन गरी महोत्तरी क्लब तथा पुस्तकालय राखियो। वैचारिक बहसबाहेक यो संस्थाले खेलकूद र सांस्कृतिक कार्यक्रमलाई पनि प्राथमिकतामा राख्न थालेको थियो। पुस्तकालयको प्राङ्गणमा नाटक प्रदर्शनको क्रम पनि धेरै बर्षसम्म चलेको थियो।२०१७ सालमा पञ्चायत ब्यवस्थाको सुरुवात भएदेखि नै यस पुस्तकालयको आवश्यकता झनै बढी महसुस गर्न थालिएको थियो। जनकपुर अञ्चलको सदरमुकाम जलेश्वर नै रहेकोले यहाँ सेवाग्राहीको बाक्लै जमघट हुन्थ्यो। यसले पञ्चायतविरोधी गतिविधि सञ्चालन गर्न पनि सहज भएको थियो। तर २०६२/६३ को जनआन्दोलनपछि यस महोत्तरी क्लब तथा पुस्कालयको आवश्यकता घट्न थाल्यो। प्रजातन्त्रवादीहरुको ध्यान पुस्तकभन्दा आर्थिक गतिविधि केन्द्रीत कार्यक्रममा बढी हुन थाल्यो। अन्ततः यो ठाउँमा वैचारिक बहस पनि हुन छाड्यो। २०६२ / ६३ जनआन्दोलन तथा ०६५ को मधेश आन्दोलनपछि भवनमा महोत्तरी क्लब तथा पुस्तकालयको साइनबोर्ड मात्रै देख्न सकिन्छ। क्लबबाट हुने सांस्कृतिक र खेलकूद गतिविधि शून्य छ। स्थानीय पालिकाहरुमा जनप्रतिनिधि आएको पाँच बर्ष

> प्राचीन विदेह राज्य अथवा आधुनिक सेनकालीन राज्यका मठ मन्दिर र त्यहाँ रहेका पुस्तकालय, पुरातात्विक धरोहरको रक्षा तथा प्रचारप्रसार गर्न अहिले जिम्मेवारराजनीतिकर्मी, जनप्रतिनिधिहरु आफूलाई स्वयंले असक्षम घोषित गरिसकेका छन्।

भइसक्दा समेत उनीहरुले महोत्तरी जिल्लामा कुनै नयाँ पुस्तकालय स्थापना मात्र नभई भएका पुराना पुस्तकालय पनि संरक्षण गर्न सकेका छैनन्। जलेश्वरको सबैभन्दा पुरानो तथा भ्रमरपुरा र पिपरासहितका ठाउँमा भएका पुस्तकालयबारे प्रदेश मात्र नभई स्थानीय पालिकाहरु समेत बेखबर बनेका छन्।शक्ति सञ्चय र आर्थिक गतिविधि सञ्चालनका लागि आवश्यक पर्ने स्वयंसेवी दस्ता निर्माणका लागि यी राजनीतिकर्मीलाई पुस्तक पढ्नेभन्दा पनि धार्मिकस्थल र मदिरा पसल धाउनेहरुको बढी आवश्यकता देखिएको छ। अहिले गाउँ गाउँमा मदिरा पसल खुलिसकेका छन्। स्थानीयदेखि प्रदेश र संघमा प्रतिनिधित्व गर्नेहरु अहिले टोल टोलमा मन्दिर, मस्जिद, गुम्बा र चर्च बनाउनेमै ब्यस्त छन्।पुस्तक प्रकाशनका लागि रहेको बजेट रकमान्तर गर्ने परिपाटी बढेको छ। अहिलेको बहस मदिरा पसलमा बढी केन्द्रित छ। कुन जनप्रतिनिधिले कहाँ कत्ति सम्पति जोडे र कसलाई सम्पत्ति जोड्न मद्दत गरे भन्ने चर्चास्थल अहिले मदिराको पसल बनेको छ। त्यस्तै, पत्रपत्रिका पढ्ने संस्कृति पनि हराउन थालेको छ। सरकारी एवं गैरसरकारी कार्यालयले पत्रपत्रिका र पुस्तक खरिदको नाममा दिएको पेश्की एवं भुक्तानीको विश्लेषण गरियो भने नजिता आश्चर्यलाग्दो आउन सक्छ। त्यसो त जलेश्वरमा २०४७ सालसम्म सत्ताभन्दा फरक धारका बौद्धिक जमातहरूको वैचारिक बहस हुने गर्दथ्यो। २०१९ सालदेखि यस क्षेत्रको विकल्पमा तयार गरिएको जनकपुरको बौद्धिक जमातले समेत पठन संस्कृतिको साख बचाउन सकेका छैनन्। यहाँ पुस्तक प्रकाशनका लागि कुनै प्रकाशन गृह तयार हुँदैनन् भने काठमाडौं केन्द्रीत प्रकाशन गृहलाई यस क्षेत्रको बिषयबस्तु बिक्रीयोग्य लाग्दैन।

प्राचीन विदेह राज्य अथवा आधुनिक सेनकालीन राज्यका मठ मन्दिर र त्यहाँ रहेका पुस्तकालय, पुरातात्विक धरोहरको रक्षा तथा प्रचारप्रसार गर्न अहिले जिम्मेवार राजनीतिकर्मी, जनप्रतिनिधिहरु आफूलाई स्वयंले असक्षम घोषित गरिसकेका छन्। प्रदेश सरकार अनि स्थानीय पालिकाले भाषणमा पर्यटन पूर्वाधारको कुरा गरेपनि धार्मिक सम्पदाबारे पुस्तक प्रकाशन अथवा सम्पदास्थलको चिनारी दिने पम्पलेट, बोर्डसमेत झुन्ड्याउन सकेका छैनन्। विभिन्न जातीय एवं भूगोलको प्रतिनिधिमूलक राजनीतिमा होमिएका जमातका कारण बौद्धिक जमात वा क्षेत्र बृद्धि हुनुपर्ने हो तर सोधखोज हुन नसकेको यथार्थता कसैबाट लुकेको छैन। कुनै बेला चेतना, संस्कृति, खेलकूद र बौद्धिकताको बहसमा मद्दत पुर्याउने तराई मधेशका महोत्तरी क्लब तथा पुस्तकालय जस्ता दर्जनौं संस्थाको सम्पत्ति दोहन गर्ने र सीमित राजनीतिक दलका कार्यकर्ताले रजाइँ गर्ने थलो मात्र बन्न पुगेको छ जलेश्वर।

# मौलाउँदै दण्डहीनता



• राजकुमार सिवाकोटी



नेपालको सन् २००६ मा भएको लोकतन्त्रको पुनर्स्थापना नै निर्विवाद रूपमा पछिल्लो इतिहासको महत्वपूर्ण चरण हो। यो विजयसंगै तीव्र परिवर्तनको उत्कण्ठा हामीभित्र जागे पनि उपलब्धिको लेखाजोखा गर्दा हामी धेरैपछि छौँ। नागरिक र राज्यले नसोचेका सामाजिक द्वन्द्वका विषयहरू सतहमा आएका छन् यहाँ आउँदो पुस्ताले सामना गर्नुपर्ने चुनौतीका चाङ छन्। सार्वजनिक सम्पत्तिको दोहन, गम्भीर रूपमा दण्डहीनता र कानुनविहीनता बढ्दो छ। दलहरूभित्र रहेको सत्ता प्राप्तिको कुत्सित अभीष्टमा भएका सम्झौताका परिणामले राज्यको शक्ति कमजोर हुँदैछ।

अनि, नेपालमा सबै खाले अपराधमा देखिएको दण्डहीनताको प्रवृत्ति हदैसम्म समदृश्य रूपमा प्रकट भई खतरनाक गतिमा अघि बढेको छ। हो, नेपालले नवोदित समाजका लागि क्रान्तिको धडधडीको समाप्ति र शान्ति प्राप्तिलाई जोड दिएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनप्रति संवैधानिक प्रत्याभूति छ। सम्पूर्ण सामाजिककर्मी विकास र शान्ति प्रक्रियालाई एउटा लोकतान्त्रिक ढाँचाभित्र सम्भव तुल्याउन तल्लिन हुँदैछन्।

शान्तिपूर्ण सह-अस्तित्वलाई सबैले मनन् गरेका छन्। दण्डहीनताविरुद्धको संघर्ष न्याय सम्पादन र नागरिक स्वतन्त्रताका साथ अन्ततः कानुनी शासनलाई बलियो बनाउन प्रयासरत छ। नेपाली नागरिकबीच यी मुद्दाहरूले सामाजिक दायरालाई नाघेर आर्थिक र राजनीतिक क्षेत्र समेट्न पुगेको छ। यसले वास्तविक लोकतान्त्रतर्फ सबैभन्दा सरल र तार्किक निष्कर्षको बाटोलाई प्रतिनिधित्व गरेको छ। तथापि, यहाँ सशस्त्र द्वन्द्व र राजाको प्रत्यक्ष शासनबाट नागरिक शासनमा जाँदाको संक्रमणकालीन समयपछिको करिब १६ वर्षमा दण्डहीनतालाई हटाउने, लोकतन्त्रलाई बलियो बनाउने र न्याय तथा शान्तिको खोजी गर्ने प्रयासमा थुप्रै हण्डर आइलागे। यस यात्रामा धेरै रुकावट र शत्रुहरू देखापरे। राजनीतिक दृष्टिले ध्वंसात्मक आन्तरिक सशस्त्र द्वन्द्वलाई समाप्त पार्दै नेपालमा वास्तविक शान्ति प्रक्रियाको सुरुवात र लोकतान्त्रिक गणतन्त्रतर्फको यात्राको ढोका त खुल्यो तर यो प्रक्रिया हठ, कुशासन, आन्तरिक आर्थिक र राजनीतिक संकटको दलदलमा फसेको छ।

अहिले लोकतान्त्रिक जवाफदेहिता र कानुनको शासन बहाल गर्ने सङ्घर्ष पहिलेभन्दा बढी महत्वपूर्ण भएको छ। किनभने कुशासन र दण्डहीनताको गाँठो ठूलो संख्यामा सूक्ष्म संयन्त्रहरू मार्फत प्रकट भइरहेछ। दण्डहीनताको सबैभन्दा ठूलो स्रोत कुशासन, भ्रष्टाचार र युद्धको राप हो। अतः राज्य संयन्त्रको क्षयीकरणको सीमाविहीन वृद्धिको कारण दण्डहीनता नै हो। अपराधीका कुकृत्यहरूलाई दण्डित गरिएन भने तिनीहरूले अपराध दोहो-याइ रहन्छन्। तिनीहरूको संयन्त्र छिन्न भिन्न पारिएन भने त्यसले पुनः काम गर्न थाल्नेछ। यिनै कारणहरूले गर्दा नागरिक समाजका आन्दोलन र यससँग सम्बद्ध सङ्गठनहरूले तत्काल न्याय र कानुन कार्यान्वयनको माग गरिरहेका छन्।

राजनीतिक दलहरू आफ्ना हठका कारण सिद्धान्त र निष्ठा त्यागेर असङ्गति सम्बोधन गर्न अनिच्छुक वा असक्षम देखिए। राजनीतिक सुविधाका लागि उत्तरदायित्वबाट विमुख हुँदै दण्डहीनता, न्याय, लोकतन्त्र र शान्तिका जटिल विषयहरू प्रति आँखा चिम्लिँदै छन्। यसले धैर्यता र निराशाबीच प्रतिक्षातर्फ धकेलेको छ। दलहरूले आममाफीको अवधारणा अघि सारे। जसले मानवअधिकार हनन र अपराधीलाई अदण्डित छाड्यो। यसले पीडितहरूलाई न्याय प्राप्तिका लागि अदालत प्रयोग गर्ने अधिकार अथवा विगत तीन दशकदेखिका घटनाहरूका बारेमा सत्य थाहा पाउने अधिकारबाट वञ्चित गराई सक्यो। न्यायको अपेक्षा मृगतृष्णा बन्यो र भरोसा एक सपना। अर्कोतर्फ, न्यायका लागि संघर्षरत योद्धाहरूका क्रिया प्रतिक्रियाको स्वरूप जटिल छ। यहाँ सामाजिक ध्रुवीकरण र गुप्तीकरण व्याप्त छ। यसले नागरिक समाजमा विरोधाभाष र अस्पष्टता पनि खडा गरेको छ। नागरिक सङ्गठनहरूले कमजोर राजनीतिक अवस्थामा एउटा बलियो संयन्त्र वा कानुनी कार्यढाँचा स्थापनाका पक्षमा उभिन असजिलो हुन्छ। जुन क्रियात्मक समाजको पूर्वसर्त हो।

लामो समयदेखि नागरिक समाजले आममाफीको विरोध गर्दै सरकारलाई न्याय र सत्यका लागि पीडितका क्रन्दन सुन्न आह्वान गरिरहे तर दलहरू द्वन्द्वबाट नराम्ररी सताइएका नागरिकको मागलाई विचार गर्नु सट्टा राजनीतिक प्रहसनलाई निरन्तरता र वैधानिकता दिन तल्लीन छन्। सत्य र बेपत्ता आयोग गठन त भए। यी आयोगले नेपाली नागरिकलाई ऐतिहासिक सत्य र न्याय उपलब्ध गराउनु नसक्ने रहेछन्। नेपाली समाजले राज्यका धेरै पुराना संयन्त्रलाई भत्काएर मात्र भविष्यको निर्माण गर्न सकिन्छ भन्ने चिन्तन राखेका छैन। केवल परिवर्तनको मृगतृष्णा न्यायको प्रत्याभूति, लोकतान्त्रिक स्थायित्व र मुलुकको आर्थिक प्रगतिका साथ सकुनीको चौसर दाउबाट राष्ट्रियतालाई बाहिर ल्याउनु हो।

न्यायको प्रत्याभूति, शान्ति प्राप्ति र दण्डहीनताको अन्त्य नेपालको पहेलीमा हराइरहेको एउटा अंश भएको छ। मृत्यु र पीडाले भरिएको विगत सजिलै भुल्न नसकिने सत्य हो। दण्डहीनताविरुद्धको प्रयास र शान्तिको सङ्घर्षबीचमा फाटो वृद्धि भइरहेको छ। न्याय र सत्यका क्षेत्रमा विरोधाभाष बढेको छ किनकी प्रक्रियाका बिन्दुहरू प्रतिकूल भएका छन्। त्यसैले यहाँ उठ्ने यक्ष सवाल भनेको- राज्यले सत्य र न्यायलाई कति महत्व दिन्छ र यसको प्राप्तिका लागि कति परसम्म जाने इच्छाशक्ति राख्दछ ? हो, नेपालका धेरै सामाजिक, सांस्कृतिक द्वन्द्वहरूको शान्तिपूर्ण माध्यमबाट समाधान गर्न आवश्यक एउटा कानुनी ढाँचाभन्दा बाहिर शान्ति र लोकतन्त्र पूर्ण विकसित हुन सक्दैन।

आँखामा पट्टि बाँधेर हातमा तराजु र तरवार बोकेको न्यायको परम्परागत प्रकृतिले न्याय आफ्नो बाटो छाम्दै अघि बढ्ने बुझाउँछ। परिवर्तनका निम्ति आन्दोलनले चिच्याएर पहिचान भएका अपराधीसहित जनताका गाँस खोस्ने राज्य र समूहविरुद्ध न्याय चाहियो भन्छ। न्याय छरितो र पूर्ण हुनुपर्छ। कुनै पनि देशले लोकतान्त्रिक भएकोमा गर्व गर्न आफ्ना देशवासीको जीवनको सम्मान र साझा भलाइको प्रत्याभूति गर्नुपर्छ। आधारभूत सामाजिक मूल्यहरूको सर्वोत्तम सुनिश्चितता गर्ने उद्देश्यसाथ छरितो र पूर्ण न्यायमा पहुँच दिनुपर्छ। यस पाटोमा नेपालले लामो समयदेखि सन्तुलन गुमाई रहेको छ। शासकहरूले न्यायिक प्रणाली र यसका निकायलाई घाइते बनाउने गम्भीर खेल खेलेका छन्। कठोर सत्य र दुर्भाग्य फौजदारी क्षेत्राधिकारमा अदालतको विश्वसनीयता घटिरहेको छ।

यसरी विश्वास ह्रास भइरहेको परिवेशमा न्यायिक निकायहरू गम्भीर रूपमा कमजोर हुन पुगेका छन्।

न्याय प्रणालीमा राजनीतिक प्रभावका कारण लिखित र छानबिनमा आधारित फौजदारी कार्यविधिलाई मौखिक र अनौपचारिक प्रक्रियाले स्थानान्तरण गरिरहेको छ। साथै न्यायिक प्रक्रियामा कर्मचारीको व्यावसायिक क्षमता तथा राजनीतिक इच्छाशक्तिको अभावले अवरोध गरेको छ। सबै नेपाली फौजदारी न्यायलाई बिगार्ने गरी देशमा विद्यमान राजनीतिक असुरक्षाबाट निराश बनेका छन्। आरोपित अपराधीहरू वा वास्तविक अपराधीहरूलाई दण्डात्मक सजाय दिलाउन सरकारी उदासीनताका कारण धेरैले न्यायलाई आफ्ना हातमा लिएका छन्।

अपराध अनुसन्धान र अभियोजनका लागि जिम्मेवार निकायहहरू आफ्नो कार्यादेश पूरा गर्न आवश्यक प्राविधिक र आर्थिक साधनविहिन छन् र सर्वव्यापी र व्यवस्थित भ्रष्टाचारले यिनको समुचित कार्यसम्पादनमा बाधा पु-याएको छ। राष्ट्रिय प्रहरी पनि भ्रष्टाचार, अक्षमता र दमनको लामो इतिहासका कारण जनताबाट विश्वास र सहानुभूति पाउन असफल छ।

लोकतान्त्रिक राज्यको क्रमिक सुदृढीकरणमा राजनीतिक दलहरूको भूमिका पुनर्परिभाषित गर्नु हालको मुख्य चुनौती हो। हामी देख्तै छौँ, राजनीतिक दलहरूलाई हराउने र वर्तमान कुनै अमुक संरचनामा विलय गराउने कार्य लोकतन्त्रमा चुनौतीपूर्ण छ। अब, लोकतान्त्रिक समाजभित्र दलीय अभ्यासलाई परिभाषित गर्ने र नागरिक शक्तिलाई बलियो बनाउनुपर्छ। नागरिक निकायहरूमाथि दलीय प्रभुत्वलाई कम गर्नु र नागरिक समाजका विविध क्षेत्रहरूलाई बलियो र शक्तिशाली बनाउनु अहिलेको आवश्यकता हो। दुर्भाग्यवश, यहाँ दोषी व्यक्तिहरूको फौजदारी कारबाही रोक्ने उद्देश्यमा संस्थागत सुरक्षाको सत्ता अझै कायम रहेको छ। तथापि, अपराधी, भ्रष्टचारी र दण्डहीनताका मतियारलाई न्यायको कठघरामा ल्याउन गाह्रो भए पनि यो असम्भव छैन। नबिर्सौं वर्तमानको हाम्रो प्रवृत्तिले भविष्यको सय वर्षलाई प्रभावित गर्छ। इतिहासले केही पनि सिकाउँदैन तर यसबाट पाठ नसिक्नेहरूलाई खाली सजाय मात्र दिन्छ। लोकतान्त्रिक राज्यको क्रमिक सुदृढीकरणमा राजनीतिक दलहरूको भूमिका पुनर्परिभाषित गर्नु हालको मुख्य चुनौती हो।

# कोरोनाविरुद्ध सावधानी अपनाउन स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण



*झापा (प्रस)* । सर्वसाधारणको लापरबाहीले स्वास्थ्यकर्मीहरूमा कोभिड संक्रमण बढ्ने भन्दै सबैलाई सावधानी अपनाएर काम गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ध्यानाकर्षण गराएको छ ।

स्वास्थ्यकर्मीहरूमा कोभिड संक्रमणको दर बढ्न गई स्वास्थ्य सेवा प्रवाहमा प्रत्यक्ष असर गर्ने भन्दै आम नागरिकहरूलाई स्वास्थ्यका मापदण्ड पूर्ण पालना गर्न आग्रह गरिएको हो ।

शुक्रबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सह प्रवक्ता डा. समीरकुमार अधिकारीले ओमिक्रोन भाइरस स्वास्थ्यका हिसावले कम जोखिमपूर्ण रहे पनि संक्रमण दर बढिरहेकाले सतर्क रहनुपर्ने बताए ।

आम नागरिकले स्वास्थ्यसम्बन्धी सरकारले बनाएका मापदण्ड पूर्ण पालना गर्ने र कोरोनाबिरुद्धको खोप अनिवार्य लगाएमा बढ्दो कोरोना संक्रमणलाई कम गर्न सकिने उनको सुझाव थियो । सह प्रवक्ता अधिकारीले ओमिक्रोन भेरियन्ट तीव्र संक्रामक रहेकोले घर परिवारमा पनि कोभिडबाट आफू बच्न र अरुलाई पनि बचाउन स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने र आफूलाई संक्रमण भए ७ दिनअघिसम्म भेटघाट गरेका मानिसलाई सचेत गराउन अनुरोध गरे ।

सरकारले स्वास्थ्यका पूर्वाधार बढाए पनि स्वास्थ्यकर्मीहरू गुणात्मक रुपमा बढाउन असहज भएको उनले बताका थिए । सह प्रवक्ता अधिकारीले असावधानीका कारण कोरोनाबाट हुने जनधनको क्षति हुन नदिन सबैले आ आफ्नो क्षेत्रबाट सहयोग र सचेत रहनुपर्ने बताए । 'पछिल्लो ओमिक्रोनको संक्रमणलाई हेर्दा यो धेरै संक्रामक रहेको छ । यसले कुनै वर्ग, खोप लगाएको, नलगाएको, केही छुट्टिने अवस्था छैन । सबै वर्ग संक्रमित भइरहेको देखिन्छ । तीव्र संक्रामक भएको हुनाले एकजनामा संक्रमण पुष्टि भयो भने हामी बसेको ठाउँ परिवारमा अरु व्यक्ति पनि संक्रमित भएको देखिरहेका छौं । एक ठाउँमा संक्रमण हुँदा त्यहाँ वरिपरि रहेकाहरूमा संक्रमण फैलिरहेको छ । तर जोखिमको हिसावले पहिलेका भेरियन्टभन्दा कम जोखिमपूर्ण छ । स्वास्थ्यका हिसावले कम जोखिमपूर्ण छ । तर भ्याक्सिन नलगाएका मानिसमा बढी जोखिम भइरहेको र अस्पतालमा भर्ना दर हेर्दा तलैसम्म जोखिम पुऱ्याएको हामीले देखेका छौं ।

संक्रमणको गति तीव्र छ । हामीले लिने सामान्य सावधानीले त्यसलाई कम गर्न सकिन्छ,' सह प्रवक्ता डा अधिकारीले भने । यस्तै डा अधिकारीले आम नागरिकलाई कोभिड १९ संक्रमण पुष्टि भएको ७ दिनसम्म अनिवार्य रुपमा आइसोलेसनमा बस्नुपर्ने र त्यसपछि पनि लक्षण देखिए थप आइसोलेसनमा बस्न सुझाव दिएका छन् । साथै ७ दिनसम्म आइसोलेसनमा बसेकाहरूले सातौं दिनपछि कुनै लक्षण नदेखिएको अवस्थामा कोरोना परीक्षण गराउनु नपर्ने उनको सुझाव थियो। विभिन्न अध्ययन र विश्व स्वास्थ्य संगठनले भनेअनुसार कोरोना विरुद्धको खोप लगाए मात्रै त्यसले सकारात्मक प्रतिक्रिया दिने डा अधिकारीको भनाइ छ ।

# महेन्द्रनगर टोल समितिको सभापतिमा आचार्य



*भद्रपुर (प्रस)* । नेपाली काँग्रेस भद्रपुर ९ नम्वर वडा समितिले संगठन विस्तारअन्तर्गत मणिराज आचार्यको सभापतित्वमा महेन्द्रनगर टोल समिति गठन गरेको छ । १४ वटा टोल रहेको वडामा समितिको ७ औं टोल समितिका लागि उपसभापति ध्रुव पोखरेल र गणेशप्रसाद पौडेल, सचिव सुवास पोखरेल, निश्चल पोखरेल, सहसचिव श्याम बुढाथोकी र कुमार खड्का निर्विरोध चयन भएका छन् ।

यसैगरी सदस्यहरूमा यमनाथ खड्का, बविता आचार्य, भरत भट्टराई, महेश घिमिरे, रेणु पोखरेल, चुडामणि निरौला र नवराज आचार्य रहेका छन् । वडा सभापति चेतनाथ भट्टराईको सभापतित्वमा सम्पन्न कार्यक्रमको स्वागत उपसभापति ईश्वर पोखरेलले गरेका थिए । कार्यक्रममा नेपाली काँग्रेसकी महाधिवेशन प्रतिनिधि गोमा भट्टराई, भद्रपुर नगर उपसभापति भरत गुरूङ, पूर्व वडासभापति गोपालप्रसाद श्रेष्ठलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# बहुविवाह मुद्धाका फरार प्रतिवादी पक्राउ



*झापा (प्रस)* । बहुविवाह मुद्धाका एक फरार प्रतिवादी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा दमक वडा नं. १ का ३३ वर्षिय सुनिल माझी रहेका छन् । झापा जिल्ला अदालतको २०७२ असार ३० गतेको फैसला बमोजिम बहुविवाह मुद्धामा उनलाई एक बर्ष कैद र ५ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

हालसम्म फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले १ नं. प्रदेश प्रहरी कार्यालय बिराटनगरको टोलीको समन्वयमा धरान -११ पानीटंकीबाट पक्राउ गरेको हो । उनलाई कैद भुक्तानको लागि कारागार पठाइने डिएसपी बसन्त पाठकले जानकारी दिएका छन् ।

# स्मृति दिवसमा सहायक सामग्री वितरण



*भद्रपुर (प्रस)* । नेपाल अपांग संघका संस्थापक स्व. खगेन्द्रबहादुर बस्नेतको जन्मजयन्तीको अवसर पारेर नेपाल अपांग संघ, खगेन्द्र नवजीवन केन्द्र झापाले अपांगता भएकाहरुलाई सहायक सामग्री वितरण गरेको छ । भद्रपुर ४ स्थित संघको कार्यालय परिसरमा आयोजित कार्यक्रमका बीच संघले अपांगता भएका दुईजनालाई ह्वीलचियर र श्रवण शक्ति नभएका एकजनालाई श्रवणयन्त्र वितरण गरेको हो । संघका सभापति ऋषि चापागाईको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठले ती सामग्री हस्तान्तरण गरेका थिए । भद्रपुर ४ का रीता राई र बलबहादुर गुरुङलाई ह्वीलचियर प्रदान गरिएको थियो भने भद्रपुर २ नौलक्षी राईलाई श्रवणयन्त्र वितरण गरिएको थियो । कार्यक्रमको सञ्चालन संघका सचिव बालध्वज कार्कीले गरेका थिए ।

यसै अवसरमा संघ परिसरमा सरसफाई र स्व. बस्नेतको सम्झनामा दीप प्रज्वलन पनि गरिएको थियो । कार्यक्रममा संघकी केन्द्रीय सदस्य शर्मिला अधिकारीसमेतको उपस्थिति थियो ।

# नोबेलको विद्यार्थी आन्दोलन सम्बोधन गर्न समिति गठन




*बिराटनगर (प्रस)* । नोबेल मेडिकल कलेज शिक्षण अस्पतालमा शुल्कलगायत विषयमा भएको आन्दोलनलाई सम्बोधन गर्न प्रदेश १ सरकारले अध्ययन समिति बनाएको छ ।

मुख्यमन्त्री राजेन्द्रकुमार राईको निर्देशनमा सामाजिक विकास मन्त्रालयले समिति गठन गरेको हो।

कलेजमा विगत केही सातादेखि शुल्क वृद्धिलगायत विषयमा विद्यार्थी संगठनहरूले आन्दोलन गर्दै आएका छन्।

मन्त्रालयका अस्पताल शाखा तथा चिकित्सक महाशाखा प्रमुख सागर प्रसाईंको संयोजकत्वमा गठित समितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानून उपसचिव सदस्य रहेका छन्।

उक्त समितिलाई कार्यक्षेत्र तोकिएको छ भने १५ दिनभित्र प्रतिवेदन पेश गर्न निर्देशन गरिएको छ। समितिलाई नोबेल मेडिकल कलेज शिक्षण अस्पतालमा एमबिबिएस अध्ययनरत विद्यार्थी, अभिभावक र शिक्षण अस्पताल व्यवस्थापनबीच विवाद हुनाका कारण पहिचान गर्ने र यससम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्थाका विषयहरू अध्ययन गरी विवरण तयार गर्ने कार्यक्षेत्र तोकिएको हो।

त्यस्तै, चिकित्सक शिक्षा आयोगबाट निर्धारित शुल्क तथा शिक्षण अस्पतालले विद्यार्थीबाट लिएको वा दाबी गरेको शुल्कको अध्ययन गरी विवरण तयार गर्ने र समस्या समाधानका विकल्पसहितका सुझावहरू पेश गर्ने कार्यक्षेत्र समितिलाई तोकिएको छ ।

# एड्भान्समा घुँडाको हड्डीको प्रत्यारोपण



*दमक (प्रस)* । अत्याधुनिक प्रविधि र दक्ष चिकित्सक उपलब्ध भएसँगै दमकमा रहेको एड्भान्स अस्पतालमा घुँडाको जोर्नीको प्रत्यारोपण गरिएको छ। अस्पतालका हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ डा.अनुप पोखरेलले प्रदेश नम्बर १ को विराटनगर र धरानपछि दमकमै पहिलोपटक घुँडाको जोर्नी प्रत्यारोपण गरेका हुन् ।

झापा कमल ६ की ६५ बर्षिया जमुनादेवी भण्डारीको एड्भान्स अस्पतालमा घुँडाको जोर्नीको सफल प्रत्यारोपण गरिएको हो । धेरै ठाउँमा उपचार गराएपनि निको नभएको घुँडाको समस्या समाधानका लागि डा. पोखरेलले जोर्नी प्रत्यारोपण गर्नुपर्ने बताएपछि भण्डारी परिवार चिन्तित बनेको थियो । केहि खर्चिलो र जटिल खालको शल्यक्रिया भएकोले पनि दमकमै उपचार हुन सक्नेमा शंका लागेपनि डा. पोखरेलको परामर्शपछि यहिँ उपचार गर्न राजी भएको भण्डारीले बताईन्।

भण्डारीको घुँडाको हड्डी पुरै खिइएर समस्या बढेकोले जोर्नी प्रत्यारोपण गरिएको डा. पोखरेलले बताए । उनका अनुसार यो प्रविधिबाट झापामा पहिलोपटक उपचार भएको हो । प्रदेश १ मै धरान र विराटनगरमा मात्रै यो प्रविधिबाट उपचार भैरहेको डाक्टर पोखरेलको भनाइ छ ।

शल्यक्रियापछि धातुको कृत्रिम घुँडा लगाईएको डा. पोखरेलले बताए । बिरामी भएर तीन महिनादेखि ओछ्यान परेकी भण्डारी अहिले सामान्य मानिस सरह हिँडडुल गर्नसक्ने भएकी छन् ।

मानिसमा बुढ्यौलीका कारण बिभिन्न रोग लागेपछि र शरीरको वजन धेरै हुँदा घुँडा खिईने समस्या देखिने गरेको डा. पोखरेलले बताए ।

# बाह्रदशी गाउँपालिकाले दियो रेडक्रसलाई एम्बुलेन्स



*राजगढ (प्रस)* । झापाको बाह्रदशी गाउँपालिकाले नेपाल रेडक्रस सोसाइटी उपशाखालाई एम्बुलेन्स उपलब्ध गराएको छ ।

गाउँपालिकाले ११ लाख रुपैयाँमा सो एम्बुलेन्स खरिद गरेको थियो । खरिद गरिएको एम्बुलेन्सको चाबी गाउँपालिकाका अध्यक्ष खड्ग राजवंशीले नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाललाई हस्तान्तरण गरेका छन् ।गाउँपालिका अध्यक्ष राजवंशीले हस्तान्तरण गरेको एम्बुलेन्सको चावी सभापति ढकालले उपशाखाका सभापति दयानन्द गोस्वामीलाई प्रदान गरेका छन् । उपशाखा सभापति गोस्वामीलाई चावी हस्तान्तरण गरेसंगै अब बाह्रदशी रेडक्रसमा पनि एम्बुलेन्स सेवा उपलब्ध भएको छ ।बाह्रदशी गाउँपालिकाका अध्यक्ष राजवंशीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रेडक्रसका जिल्ला सभापति ढकाल, उपशाखा सभापति गोस्वामीलगायतले मन्तव्य राखेका थिए ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्कः ९८१६९१७७८७/९८१७०८१९९०

**मेष** — राज्यबाट मान सम्मान पाइनेछ । कुटुम्बको सहयोग मिल्नेछ ।

**वृष** — नोकरी तथा व्यवसायमा लाभ मिल्नेछ । आर्थिकस्तर माथि हुनेछ ।

**मिथुन** — रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**कर्कट** — सवारी साधनको खरिद बिक्री हुने योग छ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**सिंह** — मन खिन्न हुने स्थिति आउनेछ । कार्य सम्पादनमा सहजता नमिल्ला ।

**कन्या** — आज कुनै कुराले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**तुला** — अरुलाई प्रभावित पारेर काम बन्नेछ । चलाखीपूर्ण बोलीले काम बन्नसक्छ ।

**वृश्चिक** — आज श्रमको उचित मूल्याङ्कन हुनेछ । मनमा हर्षउमङ्ग र उत्साह छाउनेछ ।

**धनु** — प्रेममा बाधाका साथै मन कमजोर रहला । दिनको उत्तरार्धमा धन खर्च बढ्न सक्छ।

**मकर** — आज माया प्रेममा सामीप्यता बढ्नेछ । शुभ समाचार पनि सुन्न पाइएला ।

**कुम्भ** — आज पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**मिन** — इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ ।